संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन





गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क -९८४२९९४३३०



■ बर्ष-१५, ▶▶ अंक ३८० साउन २३ शनिबार,२०७८, August– 7 Saturday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com


# गाईघाट – दिक्तेल सगरमाथा लोकमार्ग चिरा–चिरा परेर भासियो

❖ बुद्धि कुमार राई

*उदयपुर, साउन २२*

सगरमाथा लोकमार्गको गाईघाट-दिक्तेल खण्डको कालोपत्रे सडक भासिनुका साथै चिराचिरा परेर भत्किएको छ । सदरमुकाम गाईघाटदेखि खोटाङ सदरमुकाम दिक्तेल जोड्ने लोकमार्गको त्रियुगा नगरपालिका १५ खाँबुमा पर्ने साउने-रानीबास खण्डको सडक चिरा पर्नुका साथै भासिएको छ।

गाईघाटदेखि ३५ किलोमिटर माथि खाँबुको रातमाटेस्थित सडकको लगभग २५ मिटर दूरी चिरा पर्नुका साथै २० मिटर हाराहारी दूरी पूर्णरुपमा भासिएको त्रियुगा १५ का वडाध्यक्ष नीरबहादुर मगरले बताए । उनका अनुसार साउन पहिलो सातादेखि परेको अविरल वर्षापछि सडक भत्किएको हो । सातादिनभन्दा बढी समय दिनहुँजस्तो मुसलधारे वर्षाले जमिनको सतह गलाएपछि साउन दोस्रो सातातिर सडक भासिएको उनले बताए ।

सो सडक आर्थिकवर्ष ०७७-७८ मा मात्र कालोपत्रे गरिएको गाईघाट-दिक्तेल सडक योजना कार्यालय उदयपुरले जनाएको छ। निर्माणाधीन सडक साउनेदेखि दिक्तेलसम्मै स्तरोन्नतिसहित कालोपत्रे भईरहेको छ। गाईघाटदेखि साउनेसम्मको खण्ड दुईवर्षअघि नै कालोपत्रे भईसके पनि ६ महिनाअघि मात्र कालोपत्रे भएको साउने-रानीबास खण्डमा काम सकेलगत्तै भत्किएपछि - ***बाँकी ३ पेजमा***



उदयपुर जिल्लाको सदरमुकाम गाईघाटदेखि खोटाङ जिल्लाको दिक्तेल जाने सगरमाथा लोकमार्ग १३३ किलो मिटर अर्न्तगत त्रियुगा नगरपालिकाको वडा नं. १५ खाँबु राटमाटे ३५ किलो मिटरमा भासिएको सडक। तस्विर - बुद्धि कुमार राई




## सम्पादकीय

# शनिबार एक दिन बन्द गरौ ।

आज शनिबार हप्ताको अन्तिम बार । यो शनिबारले सबै जनालाई शान्ति, फुर्सद, खुशी, सुख र आराम दिएको छ । शनिबारले सबैलाई फुर्सद र घुमफिरको योजना बनाउने दिनको रुपमा जुराईदिएको छ। धेरै मानिसहरु शनिबारको दिननै घुम्नको लागि बाहिर निस्कने गरेका छन् । शनिबारले धेरै नयाँ गन्तब्य पुग्ने वातावरण जुराईदिएको छ। धेरै मानिसहरुको शनिबारलाई घर परिवारलाई समय दिने आराम गर्ने आफ्ना घरायशी काम गर्ने दिन पनि बनेको छ ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटका युवाहरु आजभोली शनिबारलाई साईकलको दिनको रुपमा लिने गरेका छन्। गाईघाटका ४० जना भन्दा बढि युवाहरु शनिबारको दिन लामो दुरीको साईकल यात्रामा निस्कने गरेका छन्। गाईघाटका युवाहरु, निर्माण ब्यावशायीहरु, ब्यापारीहरु शनिबारको दिन पेट्रोल नचढ्ने बाँचा गरेका छन्। शनिबार डिजेल र पेट्रोलबाट चल्ने कार, मोटरसाईकल नचढ्ने बाँचा र सङ्कल्प गरेका गाईघाटका युवाहरुको अभियानलाई अहिले सबै गाईघाटबासीले सिको गर्न थालेका छन् । शनिबार शुन्य र शान्तको दिन बन्न थालेको छ गाईघाट । आजक्ल गाईघाटका युवाहरु शनिबार शान्त र सुनसान बाताबरणमा बस्न रुचाउँछन् । साईकलमा मात्र यात्रा गर्ने भएकाले उनीहरुले कोलाहल, हल्लालाई बिदा गरेका छन् । गाईघाटका युवाहरुको अभियानले मानिसलाई शान्त र खुशी बनाउन सिकाएका छन् । हप्ताको ६ दिनसम्म ग्राहकहरु सँग कुराकानी गर्ने ब्यापारीहरु शनिबारलाई शुनसान र केही नयाँ कुरा सोच्ने, नयाँ योजना बनाउने, आफ्ना आफन्तहरुसँग भेटघाट गर्ने दिनको रुपमा लिने गरेका छन् । शनिबारले धेरै पर्यटकिय क्षेत्रहरुले दर्शन पाएका छन्। शनिबार भएको कारणलेनै ति पर्यटकिय ठाउँहरुको प्रचार -प्रसार भएका छन् ।

शनिबार मात्र हामीले डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनहरु चलाउन बन्द गर्ने बानी बसालेउ भने धेरै मात्रामा स्वास्थ्य, अर्थतन्त्र, वातावरणलाई फाईदा पुग्नेछ । मानिसलाई एउटा बानीको बिकास गर्ने हो भने त्यस कार्यले दिर्घकालिन रुपमा समाजलाई राम्रो र सकरात्मक प्रभाव पार्दछ । अब उदयपुर गाईघाटका युवाहरुले शनिबारको दिन मोटरसाईकल र कार चलाउन बन्द गरेर समाज र जिल्लालाई सकरात्मक सन्देश दिन सक्नुपर्दछ । यो अभियान सुरु गर्न गाईघाटका युवाहरुले सुरुवाती गर्ने हो र त्यसलाई सफल बनाउने हो भने यो अभियान सार्थक बन्नेछ । यो अभियान सुरु गर्न उदयपुर साईकिलिङ संघ ले तयारी थाल्नुपर्दछ। यो अभियानमा हातमा हात साथमा साथ दिएर गाईघाटे युवाहरुले, ब्यापारीहरु, अभियानकर्मीहरुले सहयोग गर्नेछन्। कम्तिमा उदयपुर गाईघाटमा

# बेल्टारमा यायोख्खाको चर्चैचर्चा

❖ मुलुकी संवाददाता

*गाईघाट साउन २२*

*कृष्ण चामलिङलगायत बुद्धिजीविहरुको प्रयासमा उदयपुरमा ०४४ सालमा किरात राई यायोक्खाको स्थापना भएको हो। बर्तमान जिल्ला कार्य समिति अध्यक्ष बलधन राईको एक महिनाअघि मात्र असामयिक निधन भएकाले शोकको घडीमा यो वर्षको स्थापना दिवस मनाउनु परेको नगर अध्यक्ष अञ्जना राईले बताईन् ।*

किरात राई यायोक्खाको स्थापना दिवसको अवसर पारेर शुक्रबार उदयपुरमा दिपावली गरिएको छ। यायोक्खाको ३४ औं स्थापना दिवसको अवसरमा चौदण्डीगढी नगर प्रारम्भिक कमिटी बेलटारको आयोजनामा दिपावली गर्दै दिवस मनाइएको हो ।

चौदण्डीगढी ७ बेलटारस्थित साकेला परिसरमा नगरप्रमुख खगेन्द्र राई, यायोक्खा नगर अध्यक्ष अञ्जना राई, केन्द्रीय सदस्य गणेश खालिङ, संस्थापक जिल्ला उपाध्यक्ष भीम बान्तवा, नगर कोषाध्यक्ष कौशिला राईलगायतले दिप प्रज्वलन गर्दै दिवस मनाइयो । यायोक्खा बेलटारले नगरपालिकाको वडा नं. ७ स्थित साकेला परिसरमा हरेक वर्ष साकेला उधौली तथा उभौली र बिबिध कार्यक्रम गर्दै आएको छ ।

बेलटारका किराती अगुवाहरु संस्थापक जिल्ला अध्यक्ष कृष्ण चामलिङलगायत बुद्धिजीविहरुको प्रयासमा उदयपुरमा ०४४ सालमा किरात राई यायोक्खाको स्थापना भएको हो। बर्तमान जिल्ला कार्य समिति अध्यक्ष बलधन राईको एक महिनाअघि मात्र असामयिक निधन भएकाले शोकको घडीमा यो वर्षको स्थापना दिवस मनाउनु परेको नगर अध्यक्ष अञ्जना राईले बताईन् । उनका अनुसार संस्थापक अध्यक्ष कृष्ण चामलिङको पनि केही महिनाअघि निधन भईसकेको छ ।

स्थापना दिवसको अवसरमा स्वर्गीय अध्यक्षद्वयको सम्झनामा उनीहरुको आत्माको चीर शान्तिको कामना गर्दै बिपावली गरिएको नगर अध्यक्ष राईले बताईन् । किराती बुद्धिजीविहरु मनकुमार राई, रबिन माङफाङ, प्रेमजङ किराती, पिटर रँई, दिपेन चामलिङ, दिवस राई, बुद्धहाङ राईलगायतका सहभागिता रहेको कार्यक्रममा दिवंगत अध्यक्षद्वयको आत्माको चीर शान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गरिएको थियो रु

विगत वर्षहरुको स्थापना दिवसमा साकेला नाच, पौराणिक धनुष बाण (आर्चरी) प्रतियोगिता, छेलो खेल, सांस्कृतिक प्रदर्शनी र व्यापार महोत्सवका साथ तामझामका साथ मनाइदै आइएको थियो । तर, यसवर्ष जारी कोविड महामारीका कारण सीमित जमघट र अध्यक्षलाई भर्खरै गुमाउनुपर्दाको पीडाले कार्यक्रम छोटो र सटिक बनाइएको समितिले जनाएको छ। कोविड संक्रमणबाट बँच्न ठूलो जमघट गर्न नहुने भएकाले सुरक्षा सतर्कता अपनाउँदै दिवस मनाइएको कोषाध्यक्ष कौशिला राईले बताईन् ।

यायोक्खा स्थापनाको अवसरमा चौदण्डीगढीकै अन्य बिभिन्न वडाहरु, बेलका नगरपालिका, सदरमुकाम गाईघाटलगायत त्रियुगा नगरपालिकाका बिभिन्न वडा, कटारी नगरपालिका, रौतामाई, ताप्ली, लिमचुङबुङ र उदयपुरगढी गाउँपालिकाका बिभिन्न वडा र बस्तीहरुमा पनि बिभिन्न कार्यक्रम गरी दिवस मनाएको छ । महिना दिनअघि मात्र जिल्ला अध्यक्ष बलधन राईको निधन हुनुले शोकाकुल अवस्थामा रहेको यायोक्खाले दिवंगत आत्मालाई सम्झदै मौन धारण गर्नुका साथै श्रद्धाञ्जली अर्पण गरेको त्रियुगा नगर प्राक गाईघाटले जनाएको छ ।






| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु ८० |
| २, अदुवा | रु १६० | १७, लोकल बोडी | रु ८० |
| ३, टमाटर | रु ६० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ६० | १९, रायो साग | रु १०० |
| ५, भेन्टा | रु ८० | २०, लट्टे साग | रु ६० |
| ६, खुर्सानी | रु २०० | २१, प्याज | रु ७० |
| ७, मुला | रु ६० | २२, निगुरो | रु २५ |
| ८, पर्बल | रु १०० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु ६० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ८० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, पर्सी | रु ५० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँका | रु ७० | *स्रोत: तरकारी बजार व्यवस्थापन समिति* | |




## गाईघाटदेखि जाने बसहरुको गाडी भाडा



| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट रुपनी | १५९.८६ |
| गाईघाट राजबबीराज | १८५.०९ |
| गाईघाट ईटहरी | ३३७.९२ |
| गाईघाट धरान | ३७१.२० |
| गाईघाट बीराटनगर | ३८२।७२ |
| गाईघाट बीर्तामोड | ५३८.४८ |
| गाईघाट काकडभीठा | (५५६.८० |
| गाईघाट मीँचैया | १६८.२७ |
| गाईघाट कटारी | २५२.४० |
| गाईघाट ढल्केवर | २६०.८३ |
| गाईघाट जनकपुर | ३०१.३१ |
| गाईघाट चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट पथलैया | ५०४.८२ |
| गाईघाट बीरगन्ज | ५८०.१० |
| गाईघाट हेटौडा | ५९६.९९ |
| गाईघाट नारायणघाट | ७४०.४२ |
| गाईघाट काठमाण्डौं | ११०३९.७ |
| गाईघाट पोखरा | १०९०.२१ |
| गाईघाट जलजले चुहाडे | ४४.८० |
| गाईघाट कालीखोला | ६४.०० |
| गाईघाट होक्से | ७६.८० |
| गाईघाट नाम्च | ८९.६० |
| गाईघाट कौवाई | ११५.२० |
| गाईघाट मुर्कुची | १२८.०० |
| गाईघाट अधेरी | १५३.६० |
| गाईघाट फर्से | १६६.४० |
| गाईघाट देउराली | १७९.२० |
| गाईघाट नेपालटार | १९२.०० |
| गाईघाट रामपुर | ३२१.२८ |
| गाईघाट जाँते | ७६८.०० |



उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा पछिल्लो समय कोरोना संक्रमण बढेसँगै जिल्ला प्रहरी कार्यालय उदयपुरले जनचेतना स्वरुप शुक्रबार गाईघाट तपाईको मास्क खोई भन्दै मास्क बितरण गर्दै। तस्विर - बुद्धि कुमार राई

# कोविड संक्रमणबाट थप एककाे मृत्यु

❖ मुलुकी संवाददाता

*उदयपुर, साउन २२*

उदयपुरमा कोविड संक्रमणका कारण थप एकजनाको ज्यान गएको छ । एक पुरुष संक्रमितको ज्यान गएको जानकारीमा आए पनि स्वास्थ्य कार्यालय उदयपुरले भने मृतकको बिबरणबारे केही बोलेको छैन । जिल्लाबाहिर मृत्यु भएको भन्दै स्वास्थ्यले कुन ठाउँका संक्रमित कहाँ मरे भन्ने जानकारी कार्यालयमा नआएको जनाएको छ ।

पछिल्लो २४ घण्टामा उदयपुरमा १२ जना संक्रमित थपिएका छन् । अघिल्लो दिन १४ जना नयाँ संक्रमित देखिएको जिल्लामा शुक्रबार ८ महिलासहित १२ जना नयाँ संक्रमित पाइएका हुन् । संक्रमितहरु त्रियुगामा २ महिलासहित ४, चौदण्डीगढीका ६ महिलासहित ७ र बेलका नगरपालिकाका एक पुरुष रहेका छन् ।

पछिल्लो तथ्यांक अनुसार उदयपुरमा कोविड संक्रमितको संख्या ३ हजार ५६ पुगेको छ भने ५३ जनाको ज्यान गईसकेको छ । त्यस्तै शुक्रबारसम्म सक्रीय संक्रमितको संखया १ सय ४६ महिलासहित ३ सय १२ पुगको छ भने १५ जना निको भएका छन् । यो सँगै कोविड जित्नेको संख्या १ हजार २ सय ४३ महिलासहित २ हजार ६ सय ९१ पुगेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ ।

## गाईघाट......

आउजाउमा समस्या भएको छ । काम सकिएको केही समयपछि नै सडक भत्केपछि गाईघाट-दिक्तेल, गाईघाट-रौता आउजाउ गर्न समस्या भएको हो ।

सडक भासिएकाले १५ नं. वडाबासीलार्य सदरमुकाममा गाईघाटस्थित नगरपालिका केन्द्र आउजाउ गर्न पनि असहज भएको वडाध्यक्ष मगरले बताए । उनका अनुसार सडक भासिनुमा पुरिएको जमिन, पाँगो माटो र प्राविधिक इस्टीमेटमा कमजोरी भएको हुनसक्ने अनुमान गरिएको छ । भत्केको सडकको गाईघाट दिक्तेल सडक योजना कार्यालयलाई तत्कालै जानकारी गराईसकेको र यथासिघ्र मर्मत गर्न अनुरोधसमेत गरेको वडाध्यक्ष मगरले बताएका छन् ।

योजना कार्यालय प्रमुख (डिई) गोपाल खकुरेलले सो ठाउँमा भौगर्भिक समस्याकै कारण सडक भासिएको हुनसक्ने बताए । उनका अनुसार त्यहाँ डाँडै पाँगो माटो भएकाले लगभग २ सय मिटर खण्डमा सडक भासिने, चिरा पर्ने र भत्कने गरेको छ । गतवर्ष पनि सोही ठाउँ आसपास केही भाग भासिएको र यसपालि पनि भासिएको खकुरेलको भनाई छ । भत्केको सडक मर्मत गर्न प्राविधिक खटाईसकेको र कामचलाऊ मर्मत चाँडै गर्न भए पनि दीर्घकालीन मर्मतका लागि भने प्राविधिकलाई विस्तृत सर्भेक्षण गरेर मात्र अघि बढ्ने योजना रहेको उनले सुनाए ।

तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी नेतृत्वको सरकारका यातायात मन्त्री अशोककुमार राईको पहलमा निर्माण सुरु भएको १ सय ३३ किलोमिटर लामो गाईघाट-दिक्तेल सडकलाई सगरमाथा लोकमार्ग नामाकरण गरिएको छ । उदयपुरतर्फ गाईघाटदेखि रौतामाई गाउँपालिका ५ फोक्सिन्टारसम्म ५३ किलोमिटर र बाँकी ८० किलोमिटर खोटाङतर्फ फोक्सिन्टारदेखि महुरे हुँदै दिक्तेलसम्मको सडकको पछिल्लो ५ वर्षयता स्तरोन्नतिसहित कालोपत्रे गर्ने क्रम चलिरहेको छ ।

दुई सदरमुकामलाई सोझो यातायातले जोड्ने लक्ष्य लिएको लोकमार्गको फोक्सिन्टारस्थित सुनकोसीमा निर्माणाधीन पक्की पुलको काम ढिलो हुँदा बेलिब्रीजको भर पर्नुपर्ने बाध्यता छ। हिउँद याममा पानीको सतह घट्दै गएपछि बेलिब्रीज जडान गरेर ६ महिना सोझो यातायात सञ्चालन भए पनि वर्षायाममा पानीको सतह बढ्ने भएकाले बेलिब्रीज खोल्नुपर्ने हुँदा वर्षेनी ६ महिना यातायात सम्बन्ध टुट्ने गरेको छ । फोक्सिन्टारस्थित निर्मापाधीन पुलको काम सुरु भएको ५ वर्ष बित्दा पनि ३० प्रतिशतभन्दा बढी हुन सकिरहेको छैन । फुल छिटो बनाउन दुवै जिल्लाबासीलेपटकपटक गुनासो गरे पनि ठेकेदार कम्पनीले चासो नदिएका कारण पुल बन्न नसकेको स्थानीयको दुखेसो छ ।










# बिके किराना पसल




३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्पित। गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको, होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सगै, उदयपुर।

***प्रोपाइटर - भरत चामलिङ राई***

त्रियुगा उधोग वाणिज्य संघको अत्यन्त जरूरी सूचना


त्रियुगा उद्योग वाणिज्य संघ, उदयपुर
Shree Triyuga Chamber of Commerce & Industry, Udayapur

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्ण उद्योग व्यावसाय मारमा परेको यो अवस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उद्योग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सुचना मार्फत सूचित गरिन्छ।

त्रियुगा उद्योग वाणिज्य संघ
गाईघाट, उदयपुर







चिकेन म:म:...............१००
चिकेन फ्राई म:म: .......१२०
चिकेन सी म:म:...........१५०
चिकेन चाउमिन ...........१५०
अण्डा चाउमिन..............१००
भेज चाउमिन..................७०
भटमास चिउरा सादेको.....६०
चिकेन रोष्ट........................९०
चिकेन रोष्ट खाजा सेट.....१५०
चिकेन सादेको..................३००
चिकेन चिल्लि ..................३००
चिकेन पकौडा...................३००
चिकेन फ्राई......................२००
भेज पकौडा.......................१००
मटन पक्कु.........................४००
पक्कु खाजा सेट ...........४३०
मटन भुटन........................३००
मटन भुटन खाजा सेट....३३०
कोल्ड्रिंस पर ग्लास.........५०
हुक्का पर फेस..................३००

प्रोपाईटर - प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क - ९८४४०५०२७५



# नारायणी ग्याँस
# गाईघाट, डिलर, उदयपुर



विक्रेता -
अर्जुन तिम्सिना
यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्ट मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण।

माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१९८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट